# शिक्षण सिकाइका लागि विषय शिक्षक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड.)
द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी**

काशीराज कार्की

क्याम्पस रोल नं. : १५७

परीक्षा क्रमाङ्क. : २१४००७३/२०६६

त्रि.वि.दर्ता नं. : ७२७८-८६

शैक्षिक वर्ष : २०६३/०६५

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

कोसीहरैंचा, मोरङ असार, २०७१

# विषय : सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि छात्र श्री काशीराज कार्कीले **शिक्षण सिकाईका लागि विषय शिक्षकको व्यवस्थापन** शीर्षकको शोध-पत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

लक्ष्मीकुमार श्रेष्ठ

शोध

मिति : २०७१

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ, शिक्षा शास्त्र सङकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र श्री काशीराज कार्कीले उक्त तहको द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गर्नु भएको **शिक्षण सिकाईका लागि विषय शिक्षकको व्यवस्थापन** शीर्षकको शोध पत्र यस शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | सहयाक क्याम्पस प्रमुख⁄ शोध निर्देशक | .................... |
| २. | ............................ | ............................ | ...................... |
| ३. | | बाह्य परीक्षक | ...................... |

मिति : २०७१⁄ ⁄

# कृतज्ञताज्ञापन

त्रिभूवन विश्वविद्यालय , शिक्षाशास्त्र सङकाय सुकुना बहुमुखी कयाम्पस ईन्द्रपुर मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय अर्न्तगत स्नातकोत्तर तह दोश्रो बर्षको आंशिक आवश्यक्ता पुरा गर्नको लागि शिक्षण सिकाइको लागि विषय शिक्षक व्यवस्थापन शीर्षकमा अध्ययन कार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरिएको छ ।

शोध प्रस्ताव स्वीकृत गरी यस विषयमा अनुसंन्धान गर्ने मौका प्रदान  गरी प्रयोगात्मक ज्ञान र सीप समेत बटुल्ने अवसर दिएकोमा सुकुना बहुमुखी क्याम्पस एंव क्याम्पस प्रमुख श्री पित कुमार श्रेष्ठ ज्यू प्रति हार्दिक आभार ब्यक्त गर्दछु । शोध प्रस्तावको शुरु अवस्था देखि नै आवश्यक मार्ग निर्देशन एंव लेखन क्रममा भएका कमी कमजोरी औल्याइ महत्वपूर्ण सुझाव र सल्लाह प्रदान गर्नु हुने श्रद्धेय गुरु तथा शोध निर्देशक एवम सहायक क्याम्पस प्रमुख श्री लक्ष्मी कुमार श्रेष्ठ ज्यू प्रति विशेष कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोध कार्यका लागि सैद्धान्तिक र ब्यबहारिक ज्ञान संम्बन्धि रचनात्मक सल्लाह दिई प्रोत्साहित गर्नु हुने आदरणीय गुरुहरु श्री केशव प्रसाद भट्टराई, गणेशप्रसाद दहाल, खगेन्द्र प्रसाद लुइटेल र भोजराज घिमिरे प्रति हार्दिक आभार प्रकट गर्दछु।

यस शोधकार्यको अध्ययन पूरा गर्न आवश्यक तथ्याङक संकलन गर्ने क्रममा आफनो अमूल्य अनुभव र राय सुझाबहरु प्रदान गरी सहयोग गर्ने संम्बन्धित स्रोतकेन्द्रका स्रोत व्यक्ति, विद्‌यलय .ब्य.स.का अध्यक्ष , प्रधानध्यापक , विषय शिक्षक , विद्यालय कर्मचारी , विद्यार्थी तथा अभिभावकहरु सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

अध्ययन अनुसंन्धानको क्रममा आफना अमूल्य विचार प्रदान गरी सहयोग गर्नुहुने सहपाठी मित्रहरु प्रति उत्तरोत्तर प्रगतिको कामना सहित धन्यबाद ज्ञापन गर्दछु । साथै यो शोधपत्रको मस्यौदा लेखन देखी पाण्डुलिपी तयार पार्न समय र घरयासी वातावरण मिलाई सदैब साथ दिने मेरी जीवन संगिनी राधिका , छोरा अन्जल र छोरी एलिसाको सहयोग पनि अविस्मरणिय रहेको छ ।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोप्राइटर धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु ।

काशीराज कार्की

# शोधसार

**शिक्षण सिकाइका लागि विषय शिक्षक व्यवस्थापन** नामक यस शोध पत्रमा शिक्षण सिकाइ शिक्षण विधिहरुको प्रयोगको अवस्था अध्ययन गर्नु, शिक्षण सिकाइ शिक्षणमा विषय शिक्षकको भुमिकाको लेखाजोखा गर्नु, शिक्षण सिकाइ शिक्षणमा देखिएका समस्याहरु केलाई शिक्षणमा देखिएका समस्याहरु समाधानका उपायहरु सुझाउनु मुख्य उद्देश्य राखिएको छ ।

अध्ययनकर्तालाई यातायात तथा भूगोलको हिसावले सहज हुने गरी नमुना छनोट विधिबाट देउरी स्रोत केन्द्र अन्तर्गत ५ वटा सामुदायिक (उ.मा.वि.३ र मा.वि.२) विद्यालयहरुलाई छनोट गरिएको छ । विद्यार्थीहरुको छनोट सम्भावनायूक्त नमुना छनौट विधि अनुसार गरिएको छ भने अभिभावकको छनोट उद्देश्यमुलक नमूना छनौट विधिको आधारमा छनौट गरिएको छ । विद्यार्थीहरुको छनोट गर्दा हरेक विद्यालयवाट कक्षा १० मा अध्ययनरत छात्र-छात्राहरु मध्ये (२/२ जना छात्र/छात्रा) ४ जना विद्यार्थी , सामाजिक विषय अध्यापन गर्ने १ जना विषय शिक्षक प्र.अ., वि.व्य.स. अध्यक्ष र ५ जना अभिभावकसँग सम्बन्धित विषयमा मत सङ्कलन गरिएको छ ।

शिक्षकको व्यवस्था तथा विषय शिक्षकहरुले कक्षाकोठामा अपनाउनु भएको शिक्षण विधिहरुको अवस्था परिक्षा वाहेक मुल्याङकनका आधारहरुको अबस्था, सामाजिक विषयको प्राप्ताङकको अवस्था, देखा परेका समस्याहरुको अवस्था, सिकाइ उपलब्धिमा पारेको प्रभाव, शिक्षण सिकाइमा देखा परेको समस्याहरुको अवस्था, समस्याहरुको समाधानका लागि अपनाउनु पर्ने उपाय जस्ता विषयका सम्बन्धमा कक्षा अवलोकन, स्वतन्त्र रुपमा गरिएको अध्ययन, सरोकारवाला पक्षहरुसंगको अर्न्तवार्ता लगायत शैक्षिक गतिविधिहरु संग संम्बन्धित विभिन्न विधिहरुको प्रयोगबाट प्राप्त भएका परिणामहरुलाई विद्यार्थीहरुको शिक्षण सिकाइका उपलब्धिको रुपमा लिइएको हुनाले यि तथ्यहरुलाई अध्ययनको मूख्य प्राप्तीको रुपमा उल्लेख गरिएको छ ।

सामाजिक अध्ययन विषय शिक्षकले शिक्षण कार्यको क्रममा विभिन्न किसिमका विद्यार्थी केन्द्रित शिक्षण विधिहरु प्रश्नोत्तर विधि,छलफल विधि, समस्या समाधान विधि ,प्रदर्शन विधि, अवलोकन विधि, खोज विधि ,अभिनय विधि , प्रयोगात्मक विधि , क्षेत्र वा शैक्षिक भ्रमण विधि र परियोजना विधि र शिक्षक केन्द्रित विधिमा प्रवचन वा व्याख्यान विधिको प्रयोग गरिएको पाइयो । साथै उल्लेखित विधिहरुलाई सबै विद्यालयमा समान रुपमा प्रयोग नभएको समेत पाइयो । विद्यार्थीहरुको चौतर्फि पक्षको विकास गराउन विद्यार्थीकेन्द्रित विधिहरुलाई बढी महत्वका साथ लिइएको पाइन्छ तथापी छनौटमा परेका मा.वि. तथा उमाविहरुका सामाजिक अध्ययन गर्ने विषय शिक्षकले विद्यार्थी केन्द्रित शिक्षण विधि भन्दा शिक्षक केन्द्रित शिक्षण विधिलाई बढी मात्रामा

अपनाइएको पाइयो प्राप्त विवरण अनुसार विद्यार्थी केन्द्रित विधिहरुमा सबभन्दा बढी छलफल विधि १0% र सवभन्दा कम १% अभिनय विधि रहेको पाइयो भने शिक्षक केन्द्रित विधि व्याख्यान विधि ५५ % प्रयोग गरेका पाइयो । त्यस्तै गरी २ वर्षको विद्यार्थीहरुको शैक्षिक प्राप्ताङ्कलाई हेर्ने हो भने बृत्ति विकास सम्वन्धी तालिम लिएका शिक्षकहरुको शिक्षणबाट विद्यार्थीहरुले अघिल्लो वर्षभन्दा दोश्रो वर्षमा सिकाइ उपलब्धीमा बृद्धि भएको देखियो । तसर्थ शिक्षकहरुमा विभिन्न समयमा तालिममा सहभागी गराई सोही अनुसार शिक्षण कार्यमा सरिक गराई आफ्नो जिम्मेवारी र कर्तव्य पालना गरेमा शैक्षिक उपलब्धीमा बृद्धि हुने देखिन्छ ।

कक्षाकोठामा विद्यार्थीहरुलाई शिक्षण गर्ने र मूल्यांङकन गर्ने कार्य शिक्षकको भएतापनि शिक्षकको एक्लै प्रयासले मात्र सबै संभव हुदैन किनभने विद्यार्थीको विद्यालयमा नियमितता भएन भने पढने वातावरण राम्रो भएन भने घरमा बढने वातावरण भएन भने जतिसुकै राम्रो नियम बनाए पनि त्यो सफल हुँदैन । कार्यान्वयन भनेको कुनै पनि नीतिलाई प्रयोग (अभ्यास) गवर्ने तह हो । जतिसुकै राम्रो नीति वने पनि यदि त्यसलार्य सही ढंगले कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै औचित्य हुदैन तसर्थ विद्यार्थीहरुलाई शिक्षण गर्दा अपनाइने शिक्षण रणनीति, शैक्षिक सामाग्री, विद्यार्थी स्तर, पाठयक्रमको स्तर, विद्यार्थीको रुची, क्षमता र आवश्यकता अनुरुप हुनुपर्दछ । अनुसन्धाकर्ताले कक्षाकोठामा प्रयोग गरिने शिक्षण विधिहरुले विद्यार्थीहरुको सिकाइमा पर्ने प्रभावको बारेमा र शिक्षकले खेल्नु पर्ने भूमिका सम्वन्ध्मा र यससंग सम्वन्धित अन्य विषयहरुमा समेत अनुसन्धानहरु गर्नुपर्ने देखिन्छ ।

# विषय सूची

पृष्ठ सङ्ख्या

सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv

तालिकासूची ix

सङ्क्षिप्त शब्दको पूरा रूप xi

**परिच्छेद : एक परिचय**

१.१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ७

१.३. अध्ययनको औचित्य ९

१.४. अध्ययनको उद्देश्य १०

१.५. अनुसन्धानात्मक प्रश्नहरु १०

१.६. अध्ययनको परिसीमा ११

१.७. प्राविधिक शब्दावलीको परिभाषा र व्याख्या ११

**परिच्छेद : दुई सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

२.१. सम्बन्धित साहित्यको पुरनावलोकन १३

२.२. सैद्धान्तिक खाका १६

२.३. पुनरावलोकन उपदेयता १७

**परिच्छेद तीन : अध्ययन विधि**

३.१. अनुसन्धान ढाँचा १९

३.२. जनसङ्ख्या १९

३.३. अध्ययनको नमुना र नमुना छनौट विधि १९

३.४. नमुना छनोटका आधारहरु २०

३.५. अनुसन्धानका साधनहरु २०

३.६. तथ्याङ्कका स्रोतहरु २१

३.७. तथ्याङ्क सङ्कलन प्रकृया २१

३.८. तथ्याङ्क विश्लेषण प्रकृया २२

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१. सामाजिक शिक्षामा प्रयोगहुने शिक्षण विधीहरु २३

४.१.१ शिक्षण गर्ने तौर तरिकाहरु २४

४.१.२ सामाजिक विषयमा कक्षाकार्य, गृहकार्य र परिक्षण प्रकृया ३५

४.१.३ सामाजिक विषयको प्राप्ताङकको अबस्था ३६

४.२ सामाजिक विषय शिक्षणमा शिक्षकको भुमिका ३७

४.२.१ गृहकार्य र कक्षा कार्य शिक्षकको भूमिका ३८

४.२.२ क्षेत्र भ्रमण र परियोजना कार्य शिक्षकको भूमिका ३९

४.२.३ निर्माणात्मक मूल्याङकन मा शिक्षकको भूमिका ३९

४.२.४ सन्दर्भ सामाग्री र शैक्षिक सामाग्री प्रयोगमा शिक्षकको भूमिका ४१

४.२.५. शिक्षण कियाकलाप सम्बन्धी सरोकारवाला पक्षहरुको धाराणा ४२

४.२.६. मूल्याङकन सम्बन्धी सरोकारवाला पक्षहरुको धाराणा ४४

४.३ सामाजिक विषय शिक्षणका समस्याहरु ४४

४.३.१ विषयगत दक्षता तथा तालिम सम्बन्धी समस्याहरू ४५

४.३.२ पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी समस्या ४६

४.४ समाधानका उपायहरु ४४

**परिच्छेद पाचः प्राप्ती, निष्कर्ष र सुझाव**

५.१ प्राप्ती ४९

५.२ निष्कर्ष ५२

५.३ सुझाबहरु ५३

५.३.१ नीतिगत तह ५३

५.३.२ कार्यान्वयन/अभ्यास तह ५३

५.३.३ अनुसन्धान तह ५४

**अनुसुचिहरु**

**सन्दर्भ सुचिहरु**

# तालिकासूची

| | |
|---|---|
| | पृष्ठ सङ्ख्या |
| तालिका १ विद्यार्थी केन्द्रित विधिहरु | २४ |
| तालिका २ शिक्षण विधि प्रयोगको अवस्था | ३४ |
| तालिका ३ सामााजिक अध्ययनको प्राप्ताङककोे विश्लेषण | ३६ |
| तालिका ४  सामाजिक अध्ययनमा विद्यार्थीको प्राप्ताङकको अवस्था | ३७ |
| तालिका ५ मूल्याङकन आधारको रुपमा मापदण्ड प्रयोगको स्थीति | ४१ |
| तालिका ६ मूल्याङकन संम्बन्धि सरोकारवाला पक्षको धारणा | ४४ |

# संक्षिप्त शब्दावली

जि.शि.का. जिल्ला शिक्षा कार्यालय

प्र.अ. प्रधानाध्यापक

स्रो.व्य. स्रोत व्यक्ति

अ.शि.संघ अभिभावक शिक्षक संघ

उ.मा.वि. उच्च माध्यमिक विद्‍यालय

मा.वि. माध्यमिक विद्‍यालय

वि.व्य.स. विद्‍यालय व्यवस्थापन समिति

शै.स.: शैक्षिक सत्र

स्रो.क. स्रोत केन्द्र

सि.उ. सिकाई उपलब्धी

रा.शि.आ. राष्ट्रिय शिक्षा आयोग

प्रा.वि.- प्राथमिक विद्‍यालय

रा.शि.स. राष्ट्रिय शिक्षा समिति

रा.शि.प.यो राष्ट्रिय शिक्षा पद्धती योजना